अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः १५, गोरखा, कात्तिक २ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

# कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि, २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि, २०८२

**प्रस्तावनाः**

अजिरकोट गाउँपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन गर्न, कृषि उत्पादन लागत उत्पादन लागत घटाउन, युवा जनशक्तिलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न तथा श्रमिकको उत्पादकत्व वृद्दि गर्नका साथै कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण र प्रतिस्पर्धि बनाउन आवश्यक भएकोले कृषि औजार उपकरण वितरण गरिदै आएको र तिनका मर्मत संभार गर्नुपर्ने भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यस कार्यविधिलाई गाउँपालिकाले स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ।

**२. परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्छ।

(ख) "कृषक" भन्नाले अजिरकोट गाउँपालिकाको कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तीलाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले अजिरकोट गाउँपालिकाको वडा सम्झनुपर्छ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ङ) "स्थानीय तह" भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्छ।

(च) सम्बन्धित शाखा भन्नाले अजिरकोट गाउँपालिकाको कृषि विकास शाखा सम्झनुपर्छ।

(छ) "कृषि औजार भन्नाले कृषि कार्यमा उपयोग आउने हाटे ट्रयाकटर, कम्बाइन मिल, थ्रेसिङ मेसिन, पल्पर मेसिन आदिलाई सम्झनुपर्छ।

**३. उद्देश्यः**

(१) भौगोलिक विकटताका कारण विग्रेको अवस्थामा रहेका कृषि उपकरणहरूलाई उपयोगमा ल्याउनका लागि।

(२) निमुखा तथा गरिब कृषकलाई सहयोग गरि मनोवल वृद्दि गर्नका लागि।

(३) कृषि उत्पादन तथा उत्पादकत्व गर्न।

## परिच्छेद २

## कार्यक्रम संचालन पक्रिया

**४. प्रस्ताव आह्वानका लागि सूचना प्रकाशनः**

१. दर्तावाल ग्यारेज, रिपेर सप (Repair Shop), वर्कसप वा मर्मत कार्य गर्ने अन्य कुनै सेवा प्रदायक बाट प्रस्तावना माग गर्नका लागि १५ दिने सूचना प्रकाशन गरि प्रस्ताव आह्वान गर्ने।(अनुसूचि -१ अनुसार)

२. सम्बन्धित सबैका लागि पालिकाको वेवसाइटबाट समेत सो कार्यक्रम सम्बन्धि सूचना प्रसार प्रसार गरिनेछ।

३. अनुसूचि ३ अनुसार प्रस्ताव पेश गर्न इच्छुक गोरखा भित्रका व्यवसायीले मात्रै अजिरकोट गाउँपालिका कृषि विकास शाखामा निवेदन (अनुसूचि -२) साथ प्रस्ताव पेश गर्नुपर्नेछ।

**५. प्रस्ताव छनौट समिति गठनः**

१. यस कार्यविधि अन्तर्गतका प्रस्ताव छनौटका लागि तपशिल बमोजिमका छनौट समिति गठन गरिनेछ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| कृषि प्राविधिक एक जना | सदस्य |
| पुर्वधार विकास शाखामा कार्यरत एक कर्मचारी | सदस्य |
| पशु विकास शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |

२. समितिको बैठक संचालन तथा निर्णय सम्बन्धि अन्य व्यवस्था समितिले निर्धारण गरे भमोजिम हुनेछ।

**६. प्रस्तावकको छनौटः**

१. दफा ५ अनुसरको समितिले अनुसूची ४ बमोजिम मुल्याङ्कनको आधारमा प्राप्त प्रस्तावहरुको मुल्यांकन गरि प्रस्तावकको छनौट गर्नेछ।

**७. सम्झौताः**

१. छनौट भएको दर्तावाल ग्यारेज, रिपेर सप (Repair Shop), वर्कसप वा मर्मत कार्य गर्ने अन्य कुनै सेवा प्रदायक सँग सम्झौता गरिनेछ। (अनुसूचि - ५)

२. यसरी सम्झौता गर्दा सम्झौताको अवधी चालु आर्थिक वर्षको असार मसान्त सम्म रहनेछ।

**८. अनुदानग्राहीको लागि सूचना प्रकाशनः**

१. कार्यक्रम संचालनको लागि एक आर्थिक वर्षको लागि सूचना प्रकाशन गरिनेछ। (अनुसूचि -६)

२. सूचना प्रकाशन पश्चात अनुदानग्राहीले चालु आर्थिक वर्षको असारको पहिलो हप्ता सम्म निवेदन दिइ सक्नु पर्नेछ। (अनुसूचि-७)

३. सम्बन्धित सबैका लागि पालिकाको वेवसाइटबाट समेत सो कार्यक्रम सम्बन्धि सूचना प्रसार प्रसार गरिनेछ।

**९. कार्य आदेशको प्रावधानः**

१. रितपूर्वक पेश हुन आएका निवेदनहरुलाई अजिरकोट गाउँपालिका कृषि विकास शाखाले अनुगमन गरि मर्मतका लागि कार्यआदेश दिनुपर्नेछ।(अनुसूचि-८)

२. कार्यदिश दिइएको कृषि यन्त्र तथा उपकरणहरुको विवरण र अनुमानित मर्मत लागतको सूचि  कृषि विकास शाखाले बनाएर राख्नुपर्नेछ।

३. मर्मत कार्यआदेश बिना वा पूर्व जानकारी बिना कार्यसम्पन्न गरि भुक्तानिको लागि आएमा त्यस्ता कार्यका लागि भुक्तानि दिन कृषि विकास शाखा बाध्य हुने छैन।

**१०. अनुदानको सिमा रकमः**

१. यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सिमा कुल प्रस्तावित स्वीकृत लागतको पचास प्रतिशतको अधिकतम रकम रु ८,००० /- हुनेछ।

२.अनुदान सिमा रकम भन्दा बढी उठेको रकम स्वयंम अनुदानग्राहीले बेहोर्नु पर्नेछ।

३. एउटा अनुदानग्राहीले एक आर्थिक वर्षमा एउटा यन्त्रको लागि एक पटक मात्र अनुदान लिन पाउने छ।

## परिच्छेद ३
## भुक्तानी र अनुगमन

**११. भुक्तानी पक्रियाः**

१. कार्यक्रम संचालनको लागि स्वीकृत भए बमोजिम अनुदान रकम प्रदान गरिनेछ।

२. दफा १० को उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

(क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

(ख) वडा स्तरीय अनुगमन प्रतिवेदन सक्कल प्रति

(ग) आवश्यक बिल बरपाई

(घ) उपकरण बनाउनु भन्दा पहिले र बनाएपछिको फोटो कम्तिमा तीन प्रति

(ङ) भुक्तानीको लागि निवेदन

**१२. अनुगमनः**

१. संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

**१३. भुक्तानी दिन बाध्य नहुनेः**

१. सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

२. सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन।

## परिच्छेद ४
## विविध

१३. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१५. संसोधनः** यो कार्यविधि आवश्यकता अनुसार गाउँपालिकाले थपघट, हेरफेर वा संसोधन गर्न सकनेछ।

# अनुसूची-१

## कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि, २०८२ लागि प्रसताव आह्वानको सूचना

**सूचना ! सूचना ! सूचना !**

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष ........................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि औजार/यन्त्र मर्मत गर्न ईच्छुक व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........................ दिन भित्र कार्यालयमा तपशिल अनुसारको कागजात पेश गर्नुपर्नेछ।

तपशिल

(क) कार्यालयले उपलब्ध गरेको ढाँचामा आवेदन र प्रस्ताव ।

(ख) संस्था नविकरण/दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) संस्थाको स्थायी लेखा नम्बर।

(घ) गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि।

(ङ) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र प्रतिलिपि।

## अनुसूची २
## निवेदन को ढांचा

**श्री  प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**अजिरकोट गाउँपालिका, भच्चेक गोरखा**

**विषयः कार्यक्रममा प्रस्ताव पेश गरिएको सम्बन्धमा**

अजिरकोट गाउँपालिकाको मिति ...... मा प्रकाशित सूचना अनुसार यस/म .............................. ले गाउँपालिकाको सहयोगमा कृषि औजार/यन्त्र मर्मत कार्य संचालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न विवरण खुलाई यो दरखास्त पेश गरेको/ गरिएको छु/छ।
कृषि औजार/यन्त्र मर्मत कार्यक्रम संचालन कार्यविधि - २०८२ र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु/छौ ।

**निवेदक :**

# अनुसूचि ३

## प्रस्ताव-पत्र

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको नाम | |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| संस्थाको मुख्य उद्देश्य | |

| क्र.स. | कार्यक्रम/सेवा |
|---|---|
| | |
| | |
| | |

# अनुसूची ४

# कृषि विकास शाखाद्वारा संचालन हुने कृषि औजार/यन्त्र मर्मत कार्यक्रमका लागि आवेदनको मुल्याङ्कन मापदण्ड

**व्यवसायीको नामः**

**सम्पर्क नः**

**ठेगानाः**

| **क.स.** | मुल्याङ्कनको आधार | अधिकतम अंक | मापदण्ड र प्रदसान गर्न सक्ने अंक | प्राप्त अंक |
|---|---|---|---|---|
| १. | व्यवसायीको सेवा दिने स्थान | २० | अजरिकोट भित्रको — १० अंक<br>अजिरकोट बाहिर गोरखा जिल्ला भित्र — १० अंक<br>गोरखा जिल्ला बाहिर — ० अंक | |
| २. | मर्मत कार्य अनुभव | २० | प्रति वर्ष ४ अंकका दरले ५ वर्ष सम्म | |
| ३. | न्यूनतम सर्भिस चार्ज प्रति पटक | १० | प्राप्त प्रस्ताव मध्ये सबै भन्दा कम सर्भिस चार्ज लिने प्रस्तावकलाई अंक १० प्रसताव गर्ने | |

# अनुसूची - ५
## सम्झौता

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार कृषि औजार/यन्त्र मर्नत कार्यक्रम संचालन गर्न अजिरकोट गाउँपालिका, कृषि विकास शाखा (यस पछि प्रथम पक्ष भनिने) र श्री ................................................ (यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिल बमोजिमका सर्तहरु पालना गर्ने गरि दुपक्षीय सम्झौता गरिदियौ / लियौ

१) यो सम्झौता भएको मितिबाट लागु हुनेछ।

२) प्रथम पक्षलाई दोस्रो पक्षले कृषि यन्त्र मर्मत सेवा उपलब्ध गराउनेछ।

३) यो सम्झौताको अवधि २०८२/०३/१५ सम्म रहनेछ।

४) दोस्रो पक्षले प्रस्तावमा उल्लेख गरे अनुसार मर्मत माग्दा प्रति पटक रकम रु ................ सर्भिस चार्जको रुपमा लिन पादउनेछ।

५) दोस्रो पक्षले कार्य गर्दा प्रथम पक्षको तर्फ बाट अजिरकोट गाउँपालिकाको कृषि विकास शाखा प्रमुख श्री ........................ले प्रदान गर्नुभएको कार्यादेश अनुसार गर्नुपर्नेछ।यसरी कार्य गर्दा दोस्रो पक्षले ............. मर्मत कार्यको सम्पूर्ण विवरण खुल्ने गरि सूचि बनाउनुपर्नेछ।

६) मर्मत गर्दा लागेको सामाग्रीको मूल्य र सामाग्रीको विवरण खल्नेगरि हुनुपर्दछ।

७) दोस्रो पक्षले भुक्तानि माग गर्दा शाखामा रहेको कार्यदेश दिइएको सूचि र फर्म सँग रहेको कार्यसम्पन्न सूचि मिल्नु पर्नेछ।यदि फरक आएमा प्रथम पक्षलाई भुकतानि दिन बाध्य हुनेछैन।

८) प्रतम पक्षले कार्यादेश दिएको १० दिन भित्रमा दोस्रो पक्षले मर्मत कार्य गरि सक्नुपर्नेछ।

९) मर्मत कार्य सन्तोषजनक हुनुपर्नेछ।

१०)पहिले पक्षलाई मर्मत कार्य सन्तोषजनक नपाएमा उक्त समयसम्म कार्य गरिएको भुक्तानि दिएर सम्झौता रद्द गर्न सक्नेछ।

११)कार्य समचालनको क्रममा दुई पक्ष बिच समस्या वा अन्य कुरामा विवाद सिर्जना भएमा यस कार्यविधि अन्तर्गत समितिको निर्णय अन्तिम हुनेछ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम : | नाम : |
| पदः | पदः |
| संस्थाको नाम / छाप : | संस्थाको नाम / छाप : |
| मिति : | मिति : |

# अनुसूची - ६

## कृषि औजार/मर्मत अनुदान कार्यक्रमको लागि प्रसताव आह्वानको सूचना (कृषकको लागि)

**सूचना ! सूचना ! सूचना !**

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष ........................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ......................... कृषि औजार/यन्त्र मर्मत अनुदान गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........................ दिन भित्र कार्यालयमा तपशिल अनुसारको कागजात पेश गर्नुपर्नेछ।

तपशिल

(क) कार्यालयले उपलब्ध गरेको ढाँचामा आवेदन ।

(ख) संस्था नविकरण/दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि।

(घ) समूहको हकमा संस्थागत निर्णयको प्रतिलिपि।

(ङ) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र।

(च) वडा कार्यालयको सिफारिसपत्र।

(छ) बिग्रेको यन्त्रको विवरण

## अनुसूची - ७
## कृषि औजार/यन्त्र मर्मत अनुदान पेश गर्ने निवेदन
## (कृषक/दर्तावाला फर्म/सहकारी/कृषक समूहको लागि)

**मितिः**

**श्री कृषि विकास शाखा प्रमुख ज्यू,**
**अजिरकोट गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा।**

**विषय : कृषि औजार/यन्त्र मर्मत अनुदान सम्बन्धमा**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिका, कृषि विकास शाखाबाट मिति ...............................मा प्रकाशित सुचना अनुसार .................................. शिर्षकको कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरुः

(क) संस्था नविकरण/दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि।

(ग) समूहको हकमा संस्थागत निर्णयको प्रतिलिपि।

(घ) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र।

(ङ) वडा कार्यालयको सिफारिसपत्र।

(च) बिग्रेको यन्त्रको विवरण

निवेदकको
नाम, थर :
दस्तखत :
ठेगाना :
सम्पर्क नम्बरः

## अनुसूचि — ८
## कार्यदेश

**मितिः**

**श्री .............................**

**...................................**

**...................................**

**विषयः ............. मर्मतको लागि कार्यदेश दिइएको बारे।**

प्रस्तुत सम्बन्धमा, यस हजिरकोट गाउँपालिका वडा नं ....................... साविक ................. गा.वि.स. ................ स्थानमा बस्ने श्री ................... को ..................... यन्त्र मर्मत गर्नुपर्ने भएकोले त्यहाँ फर्मसँग मिति ........................... मा भएको सम्झौता अनुसार मर्मत कार्य गर्ने कार्यदेश दिईएको छ।

.......................

**कृषि अधिकृत**

**प्रमाणिकरण मितिः २०८२|०६|२८**

**आज्ञाले**

**रचना बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**